आज मिति २०८१ असोज ०६ गते आईतवारका दिन नीलकण्ठ नगर-कार्यपालिकाको बैठक नगर प्रमुख श्री भीमप्रसाद ढुंगानाज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्न प्रस्तावहरुमा छलफल तथा निर्णय गरियो।

<u>उपस्थिति</u>

नगर प्रमुख श्री भीमप्रसाद ढुंगाना

२. नगर उप-प्रमुख श्री दिपक विश्वकर्मा

३. प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम सुवेदी (सचिव)

४. वडा अध्यक्ष श्री गणेश बहादुर गुरुङ

५. वडा अध्यक्ष श्री ध्वज बहादुर गुरुङ

६. वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठ

७. वडा अध्यक्ष श्री हरि बहादुर श्रेष्ठ

८. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

९. वडा अध्यक्ष श्री भुपेन्द्र कुमार श्रेष्ठ

१०. वडा अध्यक्ष श्री गौतमहरि अधिकारी

११. वडा अध्यक्ष श्री प्रकाशकुमार श्रेष्ठ

१२. वडा अध्यक्ष श्री राजन बराइली

१३. वडा अध्यक्ष श्री सरोज पाण्डे

१४. वडा अध्यक्ष श्री राम बहादुर श्रेष्ठ

१५. वडा अध्यक्ष श्री धर्मराज भण्डारी

१६. वडा अध्यक्ष श्री सोम बहादुर गुरुङ

१७. वडा अध्यक्ष श्री नमराज दुवाडी

१८. कार्यपालिका सदस्य श्री चिनामाया श्रेष्ठ

१९. कार्यपालिका सदस्य श्री रामी नेपाली

२०. कार्यपालिका सदस्य श्री छनुमाया गुरुङ

२१. कार्यपालिका सदस्य श्री शान्ता थापा

२२. कार्यपालिका सदस्य श्री विशाल रोका

२३. कार्यपालिका सदस्य श्री लक्ष्मण रम्तेल

२४. कार्यपालिका सदस्य श्री मञ्जु थापामगर

<u>अन्य आमन्त्रित उपस्थिति</u>

श्री रिंकु कोइराला - सल्लाहकार

श्री सरोज तिवारी - निजि सचिव

श्री [illegible] श्रेष्ठ - वरिष्ठ लेखा अधिकृत

मिति: २०८१।०६।०६ गते

**<u>बैठकमा छलफलका विषयहरु:</u>**

१. शुभकामना आदान प्रदान गर्ने सम्बन्धमा।

२. नगर कार्यपालिका बैठकका निर्णयहरुको समिक्षाका सम्बन्धमा।

३. यस नगरपालिकाबाट हुने सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउन सम्बन्धमा।

४. अन्य विविध विषयहरुका सम्बन्धमा।

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०८१।०६।०६ गते

## निर्णयहरुः

१. शुभकामना आदान प्रदान गर्ने सम्बन्धमाः

आउदै गरेको नेपालीहरुको महान पर्व विजया दशमी, दिपावली एवम् छठ पर्वहरुको शुभ अवसरमा यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरु बिचमा शुभकामना आदान प्रदान गरियो।

२. नगर कार्यपालिका बैठकका निर्णयहरु समिक्षा गर्ने सम्बन्धमाः

यस नगरपालिकाको आ.व. २०८१/०८२ को भाद्र महिनासम्मको बजेट तथा कार्यक्रम लगायत नगर कार्यपालिकाको कार्यालय एवम् मातहतका सम्पूर्ण शाखागत कार्यालयहरुमा दैनिक प्रशासन सञ्चालनका सन्दर्भमा भएका सम्पूर्ण कामकाज तथा कार्यसम्पादनका सम्बन्धमा छलफल तथा समिक्षा गरियो। साथै नगर कार्यपालिकाको कार्यालय एवम् सम्पूर्ण मातहतका कार्यालयहरुबाट कार्यसम्पादन गर्दा सेवाग्राही तथा आम नागरिकहरुलाई केन्द्रमा राखी छिटो र सहज किसिमले पारदर्शीता कायम गरी सेवा उपलब्ध गराउनेसमेत निर्णय गरियो।

३. यस नगरपालिकाबाट हुने सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउन देहाय बमोजिमका कार्य गर्नेः

(क) नीलकण्ठ नगरपालिकाको नगर कार्यपालिका कार्यालय तथा मातहतका कार्यालयबाट प्रवाह हुने सेवा लाई थप चुस्त, छरितो र पारदर्शीता कायम गरी सेवाप्रवाहलाई प्रभावकारी बनाउन।

(ख) सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन र सेवा प्रवाहको नियमित अनुगमन निरीक्षणको लागि संस्थागत विकास तथा सुशासन समितलाई थप सक्रिय हुन निर्देशन दिने।

(ग) नियमितरुपमा घुम्ति शिविरहरु आयोजना गर्ने।

(घ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज गराउने भत्ता उपलब्ध गराउने बैंकलाई आवश्यकतानुसार वडामा पुगी वितरण गर्ने प्रवन्ध मिलाउने।

(ङ) अनलाईन माध्यमबाट सेवा प्रवाह गर्न आवश्यक अध्ययन गरी सम्भव हुने सेवाहरु अनलाईनबाटै दिने व्यवस्था मिलाउने।

(च) सबै सूचनाहरु वेभपेज मार्फत सार्वजनिक गर्ने।

(छ) आवश्यकतानुसार हेल्पडेस्क सञ्चालन गर्ने।

(ज) वडा कार्यालयबाटै विभिन्न कर तिर्ने तथा व्यवसाय दर्ता नविकरण गर्ने व्यवस्था मिलाउने।

(झ) स्वास्थ्य सेवालाई जनताको घर आगनमै सेवा पुर्याउन आवश्यकतानुसार स्वास्थ्य केन्द्र थप गर्ने तथा स्वास्थ्य संस्थाको स्तरोन्नति गर्ने। स्वास्थ्य संस्थामा प्रर्याप्त औषधि उपलब्ध गराई राख्ने।

(ञ) वडापत्र अनुसार कार्य हुने व्यवस्था अनिबार्य गर्ने। वडापत्रले तोकेको समयमा कार्य नभएको गुनासो आएमा गुनासो सुनुवाई अधिकारी तोकि गुनासो लिने र सोको सम्बन्धमा नियमित प्रतिवेदन गर्ने।